श्रीमान गभर्नरज्यू,
गभर्नरको सचिवालय
बालुवाटार, काठमाडौं
नेपाल ।

मितीः २२ असार, २०७४

महोदय,

नेपाली पुँजी बजारसम्बन्धी हाम्रा सरोकार एवं समाधानको आशा र उद्देश्यसहित,

हरेक नागरिकले लगानी गर्न र व्यापार व्यवसाय गर्न पाउनु नागरिकको मौलिक अधिकार हो । सिमीत बचत तथा लगानी क्षमता भएका कोही पनि नागरिकले लगानी तथा व्यापार व्यवसायबाट बञ्चित हुनु हुँदैन । व्यवस्थित एवं सुनियन्त्रित पुँजी बजारले हरेक नागरिकलाई इक्वीटीमार्फत कम्पनी स्वामित्वको अवसर प्रदान गर्दछ । कम्पनिहरूका लागि पनि व्यवसायका लागि आवश्यक पुँजीवृद्धी गर्ने अवसर प्रदान गर्दछ ।

पुँजी बजारको मुख्य उद्देश्य व्यवसायका लागि दिर्घकालिन कोष संकलन गर्नु र पर्याप्त आर्थिक वृद्धी हासिल गर्नु हो जुन सुव्यवस्थित पुँजी बजारबाट मात्रै हासिल गर्न सम्भव छ । पुँजी बजार मुलुकको समग्र आर्थिक वृद्धीको इन्जिन हो । । विश्वभर पुँजी बजार अर्थतन्त्रको ब्यारोमिटर हो । तसर्थ यसलाई दिगो राखिराख्न र यसको हितका लागि हरेक क्षेत्रका नितीनिर्माताहरू गम्भिर हुनैपर्छ । नितीनिर्माताहरूको ध्यान बारम्बार निती परिवर्तन गर्नुभन्दा कर्पोरेट समष्टिगत सुशासन तथा नियमनमा केन्द्रित हुनुपर्छ । दिर्घकालिन सोंचका आधारमा निती तथा योजना तर्जुमा गर्नुपर्छ ।

मुलुकको समग्र पुँजी बजारको हितका सन्दर्भमा केन्द्रिय बैंकले नितीनिर्माताको रूपमा अत्यन्तै महत्वपुर्ण भुमिका खेल्छ भन्ने विषयमा हामीलाई पुर्ण विश्वास छ । यहाँसमक्ष नेपाली पुँजी बजारको सुधारका लागि हामी निम्न उपायहरू अनुरोध गर्छौं ।

१) शेयर धितो ऋणको सीमा विस्तार गरिनुपर्छ ।
२) ४-१२ को मार्जिन ल्यान्डिङ्ग तथा शेयर धितो ऋणको सीमा खारेज गरिनुपर्छ ।
३) विदेशी लगानी तथा गैह्र आवासिय नेपालीलाई पुँजी बजारमा अनुमती दिइनुपर्छ । यो प्रावधानले विदेशी मुद्राको प्रवाह र कर संकलनमा सहयोग गर्नेछ ।
४) लगानीलाई अल्पकालिन एवं दिर्घकालिन लगानीमा वर्गिकृत गरिनुपर्छ ।
५) अल्पकालिन लगानी बजारमा तरलताको लागि र सेकेन्डरी मार्केट प्रवर्द्धनका लागि महत्वपुर्ण छ तर यसलाई करको उच्च दर वा लेनदेनमा आधारित करदर निर्धारण जस्ता विभिन्न प्रावधानहरूका मार्फत निरूत्साहित गरिनुपर्छ ।
६) कर मिनाहा वा छुट, ऋणमा सहुलियत ब्याजदर जस्ता विभिन्न प्रावधानहरूमार्फत दिर्घकालिन लगानीलाई प्रोत्साहन गरिनुपर्छ ।
७) सेकेन्डरी बजारले उद्योग तथा व्यवसायलाई कोष जुटाउन अर्थात वृद्धी गर्न सहयोग गर्ने भएकाले यसलाई उत्पादनशील क्षेत्रको रूपमा वर्गिकृत गरिनुपर्छ ।
८) केन्द्रिय बैंकले सेबोन, ओसिआर, नेप्से जस्ता बजार नियामकहरूसँग नजिकबाट सँगसँगै काम गर्नुपर्छ जसले गर्दा कर्पोरेट समष्टिगत सुशासन अभ्यास गर्न बजार नियामक निकायहरूलाई सहयोग पुऱ्याउन सक्छ ।

भवदिय,

लोकतान्त्रीक समाजवादी पार्टी नेपाल ।